## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४, संख्याः १.मितिः ११/०३/२०७७

**भाग-१**

**रघुगंगा गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

## रघुगँगा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन२०७७

**प्रस्तावनाः** रघुगँगा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रघुगंगा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।
   (२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि रघुगंगा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।
२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र सम्पत्ति करका लागि अनुसूचि (१) मा तोकिए बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।
   (१) गाउँपालिकामा मोटरबाटोले छोएका घडेरी जग्गाहरुको मूल्याङ्कन अनुसूचि १(क) बमोजिम हुनेछ ।
   (२) गाउँपालिकामा मोटरबाटोले नछोएका घडेरी जग्गाहरुको मूल्याङ्कन अनुसूची१(ख) बमोजिम हुनेछ ।
   (३) तोकिएको समयभित्र सम्पत्ति कर नबुझाएमा अनुसूची १ (ग) बमोजिम बिलम्ब शुल्क लाग्नेछ ।
३. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।
४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।
५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।
७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूच‍ी (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूच‍ी (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूच‍ी (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूच‍ी (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूच‍ी (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूच‍ीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१७. यस ऐनमा नतोकिएका अन्य कर, सेवा शुल्क र दस्तुर प्रचलित नेपाल कानुनमा व्यवस्था भई हालको प्रचलित दरमा र त्यस्तो कानुनमा उल्लेख नभएको विषयमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची १

## सम्पत्ती कर

| क्र.स. | मूल्याङ्न विवरण | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | घर जग्गाको निम्न मूल्याङ्कनमा | | |
| | - पहिलो रु १० लाख सम्ममा | कर नलाग्ने | |
| | - त्यस पछिको रु १० लाख सम्ममा | रु २०० एकमुष्ठ | |
| | - त्यसपछिको रु ३० लाख सम्ममा | रु १००० एकमुष्ठ | |
| | - त्यसपछिको रु ५० लाख सम्ममा | रु ५००० एकमुष्ठ | |
| | - त्यसपछिको रु १ करोड सम्ममा | रु १०००० एकमुष्ठ | |
| | - त्यसपछिको बाँकी रकममा | ०।५० प्रतिशत | |

नोटः मूल्याङ्कन रकमलाई नजिकको लाखमा (Round Figure) परिणत गरी करको दर निर्धारण हुनेछ ।

## अनुसूची १ क

## जग्गाको न्यूनतम मूल्याङ्कन हद

**१. रघुगंगा गा.पा. वडा नं १ (साबिक बादुक, बेगखोला गा.बि.स.)**

क. बेगखोला बजारमा पर्ने मोटरबाटो र भित्रिबाटोमा पर्ने घडेरी जग्गाको प्रतिरोपनी रु ५५००००।- (पांच लाख पचास हजार मात्र )

ख. बेनीदेखि राखु भगवती हुदै बेग जाने बाटोको दायाँबाँया पर्ने घडेरी योग्य जग्गा प्रतिरोपनी रु २७५०००।- ( दुइ लाख पचहत्तर हजार मात्र )

ग. साबिक बादुक गाविस वडा नं १/क मा पर्ने तिप्ल्यांङको मोटरबाटोकोदाँया बाँयापर्ने घडेरी योग्य जग्गा प्रतिरोपनी रु १६५००००।- (

**२. रघुगंगा गा.पा. वडा नं २ ( साबिक राखु भगवती गा.वि.स.)**

क. साबिक राखु पिप्ले गा.वि.स. को अन्तिम सिमाना देखि साबिक बेगखोला गा.वि.स. को सिमाना सम्म पर्ने साबिक राखु भगवती गा.बि.स. अन्तर्गत मोटरबाटोकादाँया बाँयाघडेरी योग्य जग्गा (भिर पहिरो बाहेक ) प्रतिरोपनी रु १३२०००० |-

**३. रघुगंगा गा.पा. वडा नं ३( साबिक राखु पिप्ले गा.वि.स.)**

क. साबिक राखु पिप्ले गा.वि.स अन्तर्गत पर्ने रघुगंगा (गलेश्वोर) पुलकोमुख देखि गायत्री मन्दिर घुमाउने ताल हुदै झोलुंगे बगर सम्मको मुस्ताङ जाने मोटरबाटोका दाँया बाँयाघडेरी योग्य जग्गा प्रति रोपनी रु १७३२५०० |-

ख. गलेश्वोर पुलको मुख देखि पिप्ले र भगवती गा.वि.स. को सिमाना सम्म मोटरबाटोको दायाबाया तथा रघुगंगा जलबिद्युत आयोजनाले अधिग्रहण गरेको जग्गाको दाँया बाँयापर्ने घडेरी योग्य जग्गा प्रति रोपनी रु ५२४००० |-

**४. रघुगंगा गा.पा. वडा नं ४ ( साबिकदग्नाम दर्मिजा गा.वि.स.)**

क. साबिक दग्नाम दर्मिजा अन्तर्गत पर्ने मोटरबाटो छोएका घडेरी योग्य जग्गा ( भिर पहिरो बाहेक ) प्रति रोपनी रु ३३०००० |-

**५. रघुगंगा गा.पा. वडा नं ५( साबिकझी गा.वि.स.)**

क. साबिक झी गा.वि.स. मा पर्ने मोटरबाटो दाँया बाँयाकोटोड्के सम्म जाने मोटरबाटोको जग्गा प्रति रोपनी रु ५५०००० |-

**६. रघुगंगा गा.पा. वडा नं ६( साबिकपाखापानी गा.वि.स.)**

क. पाखापानीगा.वि.स.को कृषि सडककोदाँया बाँयाठाडाखानी गाउँसम्मको घडेरी जग्गा प्रति रोपनी रु ४४०००० |-

**७. रघुगंगा गा.पा. वडा नं ७( साबिकचिमखोला गा.वि.स.)**

क.साबिक चिमखोला गाविसमा पर्ने मोटरबाटो दाँया बाँयाघडेरी योग्य जग्गा (भिर पहिरो बाहेक ) प्रति रोपनी रु २२००००|-

**८. रघुगंगा गा.पा. वडा नं ८( साबिककुइनेमंगलेगा.वि.स.)**

क. साबिक कुइनेमंगले गाविस मा पर्ने मोटरबाटोको दाँया बाँया घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक ) प्रति रोपनी रु ११००००|-

## अनुसूची १ ख

### माथि उल्लेखित बाहेक रघुगंगा गाउँपालिका भित्रका विभिन्न वडाको जग्गाको बर्गिकरण तथा मूल्याङ्कन

| सि.न. | गा.पा. | वडा नं. | | खेत तर्फ | | | | बारी तर्फ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार |
| १ | रघुगंगा गा.पा. | १ | साबिक बेगखोला गा.वि.स.१-९ | २७५०० | २५३०० | २२००० | १९८०० | १८७०० | १६५०० | १४३०० | ११००० |
| २ | रघुगंगा गा.पा. | २ | साबिक भगवती गा.वि.स.१-९ | ६९३०० | ६२७०० | ५०६०० | ३०८०० | ३८५०० | ३५२०० | २५३०० | २२००० |
| ३ | रघुगंगा गा.पा. | ३ | साबिक पिप्ले मौवाफाट गा.वि.स.१-४ | ६६००० | ५९४०० | ५२८०० | ४६२०० | ५२८०० | ४६२०० | ३९६०० | ३३००० |
| | | | साबिक पिप्ले मौवाफाट गा.वि.स. ५-७ | १०५६०० | ९२४०० | ७९२०० | ६६००० | ६६००० | ५९४०० | ५२८०० | ४६२०० |
| | | | साबिक पिप्ले मौवाफाट गा.वि.स. ८-९ | ५२८०० | ४६२०० | ३९६०० | ३३००० | ३९६०० | ३३००० | ३०८०० | २७५०० |
| ४ | | ४ | साबिक दग्नाम दर्मिजा गा.वि.स.१-९ | ३३००० | ३०८०० | २७५०० | २४२०० | २२००० | १९८०० | १६५०० | १३२०० |
| ५ | रघुगंगा गा.पा. | ५ | साबिक झी गा.वि.स.१-९ | ४६२०० | ३९६०० | ३३००० | २६४०० | ३९६०० | ३३००० | २६४०० | २२००० |
| ६ | रघुगंगा गा.पा. | ६ | साबिक पाखापानी गा.वि.स.१-९ | ३३००० | २७५०० | २२००० | १६५०० | २७५०० | २२००० | १६५०० | १३२०० |
| ७ | रघुगंगा | ७ | साबिक चिमखोला गा.वि.स.१-९ | ० | ० | ० | ० | ३३०० | २७५० | २२०० | १६५०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गा.पा. | | | | | | | ० | ० | ० | |
| ८ | रघुगंगा गा.पा. | ८ | साबिक कुइनेमंगले गा.वि.स.१-९ | २७५०० | २४२० ० | २२०० ० | १६५० ० | २२०० ० | १९८० ० | १७६० ० | १५४०० |

## अनुसूची १ ग

### म्याद भित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर

एक आर्थिक वर्ष म्याद नाघेमा बुझाउनुपर्ने बक्यौता रकमको १५ प्रतिशत, २ आर्थिक वर्ष म्याद नाघेमा २५ प्रतिशत, तीन आर्थिक वर्ष म्याद नाघेमा ४० प्रतिशत र सो भन्दा बढी आर्थिक वर्ष म्याद नाघेमा ५० प्रतिशतका दरले थप शुल्क असुल गरी विजक जारी गर्ने ।

## अनुसूची २

### दफा ३ सँग सम्बन्धित

### मालपोत / भूमि कर

प्रति रोपनी रु. १० का दरले लगाइने छ |

मालपोत लगायतका अन्य कर दस्तुर सोही आ.व. मा नबुझाउने करदाताहरुलाई गत वर्षको हकमा १० र सो भन्दा अगाडीका वर्षहरुको हकमा करको दरमा १५% जरिवाना लाग्नेछ ।

## अनुसूचि ३

### (दफा ४ सँग सम्बन्धित )

### घर बहाल कर

गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकमको १० प्रतिशतका दरले हुन आउने रकम घर बहाल कर लाग्नेछ।

## अनुसूचि ४

### ( दफा ५ सँग सम्बन्धित )

### व्यवसाय कर

| क्र.स. | व्यवसायको नाम तथा किसिम | प्रस्तावित कर | |
|---|---|---|---|
| १ | व्यापरिक वस्तु | | |
| | - डिलर सिप सबै प्रकारका | १५०० | |
| | - डिपार्टमेन्टल स्टोर | १२०० | |
| | - सवारी साधन विक्रेता | २००० | |

| | | | |
|---|---|---|---|
| | - साईकल | ८०० | |
| | - मोटर साईकल | २५०० | |
| | - निर्माण सामाग्री, कम्प्युटर, विधुत सामान, क्यामेरा, रेडियो, टेलिभिजन, कार्पेट, पेट्रोलियम पदार्थ | ८००-१८०० | |
| | - सबै प्रकारका हार्डवेयर पसल | ३००० | |
| | - किराना पसल (खुद्रा बिक्रेता) | ७०० | |
| | - किराना पसल (थोक बिक्रेता) | १५०० | |
| | - फलफूल तथा तरकारी पसल | ६०० | |
| | - कपडा / फेन्सी पसल | १२०० | |
| | - सुन पसल – उच्च, मध्यम र सानो | ४०००, २५००, १५०० | |

| क्र.स. | व्यवसायको नाम तथा किसिम | प्रस्तावित कर | |
|---|---|---|---|
| २ | निर्माण व्यवसाय | | |
| | - गाउँपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी | | |
| | - निर्माण व्यवसायी संघ | | |
| | - क वर्ग | ४००० | |
| | - ख वर्ग | ३००० | |
| | - ग वर्ग | २००० | |
| | - घ वर्ग | १००० | |
| ३ | उत्पादन मूलक उद्योग | | |
| | - साना घरेलु उद्योग | ५०० | |
| | - मध्यम घरेलु उद्योग | १५०० | |
| | - ठूला घरेलु उद्योग | ३००० | |
| ४ | कृषि तथा वन जन्य उद्योग | | |
| | - कुटानी पिसानी सहितको तेल पेल्ने मिल | १५०० | |
| | - कुटानी पिसानी मिल | १००० | |
| | - फर्निचर उद्योग | २००० | |
| | - पशु दाना उद्योग | ८०० | |

| | | | |
|---|---|---|---|
| | - पोल्ट्री फर्म उच्च | १५०० | |
| | - पोल्ट्री फर्म सानो | १००० | |
| | - बंगुर पालन व्यवसाय | १००० | |
| | - बाखा पालन व्यवसाय | ८०० | १०भन्दा माथि प्रति ५०० लाग्नेछ । |
| | - भेंडा पालन व्यवसाय | ५०० | |
| | - गाई पालन व्यवसाय | ५०० | |
| | - भैंसी पालन व्यवसाय | ५०० | |
| | - स-मिल | ३००० | |
| ५ | **पर्यटन उद्योग** | | |
| | - होटेल सानो | १००० | |
| | - होटेल ठूलो | २००० | |
| | - मदिरा समेत बिक्रि गर्ने होटेल लज | ३००० | |
| | - स-साना चिया तथा खाजा पसल | ५०० | |
| | - रेष्टुरेन्ट एण्ड बार | १५०० | |
| | - लज | २००० | |
| | - गजल/दोहोरी/डिस्को रेष्टुरेन्ट | ३००० | |
| **क्र.स.** | **व्यवसायको नाम तथा किसिम** | **प्रस्तावित कर** | |
| ६ | **सेवा उद्योग** | | |
| | - अफसेट प्रेस | २००० | |
| | - लेटर प्रेस | १००० | |
| | - चलचित्र भिडियो | १००० | |
| | - सार्वजनिक परिवहन सेवा ( गा.पा. भित्र प्रधान कार्यालय भएको ) | ३००० | |
| | - सार्वजनिक परिवहन सेवा ( गा.पा. भित्र शाखा कार्यालय भएको ) | २००० | |
| | - फोटोग्राफी | ८०० | |
| | - प्रयोगशाला | १००० | |
| ७ | **निर्माण उद्योग** | | |
| | - सिमेन्ट ब्लक उद्योग | १२०० | |
| | - मेटल ग्रिल उद्योग | २००० | |
| | - ईट्टा उद्योग ( चिम्नी भट्टा) | ३००० | |

| | | | |
|---|---|---|---|
| | - ईट्टा उद्योग ( साधारण भट्टा) | १२०० | |
| | - अन्य उद्योग | १००० | |
| | - | | |
| ८ | **संचार सेवा** | | |
| | - NTC | ८००० | |
| | - N Cell | १०००० | |
| | - निजी मोबाईल सेवा केन्द्र | १००० | |
| | - निजी टेलिफोन तथा फ्याक्स सेवा | ८०० | |
| | - सञ्चार सेवा, टेलिकम, वितरण केन्द्र | ८००० | |
| | - फ्याक्स, फोटोकपी तथा प्रिण्टर सेवा | १००० | |
| | - मोबाईल फोन बिक्री तथा मर्मत | १५०० | |
| | - कुरियर सेवा | ३०० | |
| | - साईबर सेवा | १००० | |
| | - Screen Print छपाई तथा प्रकाशन | ८०० | |
| | - फोन इन्क्वायरी ( Inquiry ) | ५०० | |
| ९ | **वित्तीय सेवा** | | |
| | - आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ५००० | |
| | - वित्तीय कम्पनीको शाखा कार्यालय | ३००० | |
| | - बिमा कम्पनी | ४००० | |
| | - विदेशी मुद्रा सटही | १५०० | |
| | - मनी ट्रान्सफर | २५०० | |
| | - धितो पत्र कारोबार | १००० | |
| | - सहकारी संस्था | २००० | |
| | - निजी क्षेत्रका वाणिज्य बैङ्कहरु | ५००० | |
| | - निजी क्षेत्र समेतको स्वामित्वमा रहेका बैङका शाखा कार्यालयहरु | ३५०० | |
| | - बिमा कम्पनीका शाखा वा सम्पर्क कार्यालयहरु | २००० | |
| | - सर्भेयर सेवा केन्द्र | १००० | |
| १० | **स्वास्थ्य सेवा** | | |
| | - गैर सरकारी अस्पताल | २००० | |

| | | | |
|---|---|---|---|
| | - सामुदायिक अस्पताल | १५०० | |
| | - निजी स्तरका अस्पताल तथा रिसर्च सेन्टर | २००० | |
| | - नर्सिङ होम | २००० | |
| | - ल्याब तथा क्लिनिक | १००० | |
| | - होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | ८०० | |
| | - औषधि पसल थोक (जनस्वास्थ्य) | २००० | |
| | - औषधि पसल खुद्रा (जनस्वास्थ्य) | १००० | |
| | - औषधि पसल ( आयर्वेदिक) | १००० | |
| | - औषधि पसल ( पशु स्वास्थ्य) | १००० | |
| | - पशु पंक्षी दाना पसल | १००० | |
| | - जडी बुटी पसल | ५०० | |
| ११ | **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा** | | |
| | - चिकित्सक | १००० | |
| | - दन्त चिकित्सक रिसर्च | १००० | |
| | - पशु चिकित्सक | ८०० | |
| | - कविराज | ५०० | |
| | - ईञ्जिनियर | १००० | |
| | - कानून व्यवसायी | १००० | |
| | - **लेखापरीक्षक** | | |
| | - क वर्ग | १००० | |
| | - ख वर्ग | ८०० | |
| | - ग वर्ग | ६०० | |
| | - घ वर्ग | ४०० | |
| | - बिमा एजेण्ट | ७०० | |
| | - सर्भेएर | ७०० | |
| | - अनुवादक | ५०० | |
| | - नोटरी पब्लिक सेवा | ५०० | |
| | - अनुसन्धानकर्ता तथा परामर्शदाता भाषा अनुवादक समेत | ८०० | |
| | - कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | ७०० | |
| | - शेयर दलाल | ७०० | |

| | | | |
|---|---|---|---|
| | - सामान ढुवानी कर्ता कम्पनी | १५०० | |
| | - संस्थागत पेण्टर | ४००० | |
| १२ | **शिक्षा सेवा** | | |
| | - निजी क्षेत्रका पूर्व प्रा.वि. स्कुल | १००० | |
| | - निजी क्षेत्रका प्रा.वि. स्कुल | १२०० | |
| | - निजी क्षेत्रका नि.मा.वि. स्कुल | १४०० | |
| | - निजी क्षेत्रका मा.वि. स्कुल | २००० | |
| | - निजी क्षेत्रका १०+२ | २५०० | |
| | - निजी क्षेत्रका क्याम्पस | ३००० | |
| | - निजी क्षेत्रका होस्टेल | ३००० | |
| | - तालीम तथा अनुसन्धान केन्द्र | १००० | |
| | - प्रविधिक शिक्षालय | १००० | |
| | - टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र संस्था | २००० | |
| | - ट्युशन तथा कोचिङ सेन्टर | १५०० | |
| १३ | **मर्मत तथा संभार** | | |
| | - हेभी ईक्वीपमेन्ट मर्मत केन्द्र | २००० | |
| | - बस, ट्रक, कार मर्मत केन्द्र | १५०० | |
| | - मोटर साईकल मर्मत केन्द्र | १००० | |
| | - साईकल तथा अन्य मर्मत केन्द्र | ७०० | |
| | - रेडियो, टेलिभिजन, घडी, प्रेशर कुकर, , टेलिफोन सेट, हिटर र बिद्युतीय सामान मर्मत केन्द्र | ८०० | |
| | - फोटोकपी,प्रिन्टर, कम्प्युटर मर्मत केन्द्र | १००० | |
| | - अन्य ईलेक्ट्रिक्स तथा ईलेक्ट्रोनिक्स | १००० | |
| १४ | **अन्य सेवा** | | |
| | - विज्ञापन एजेन्सी | ६०० | |
| | - वैदेशिक रोजगार सेवा | १५०० | |
| | - स्वदेशी रोजगार सेवा | ४०० | |
| | - रियल स्टेट | २००० | |
| | - ब्युटी पार्लर | ६०० | |
| | - ड्राई क्लीनर्स | ५०० | |

| | | | |
|---|---|---|---|
| | - फोटो स्टुडियो | ७०० | |
| | - साईन बोर्ड / पेन्टीङ सेवा | ५०० | |
| | - हजाम पसल | ७०० | |
| | - मासु बिक्रेता | १००० | |
| | - टेलर्स (कपडा सहितको) | १२०० | |
| | - टेलर्स | ८०० | |
| | - सिलाई प्रशिक्षण केन्द्र | ८०० | |
| | - कबाडी (प्रति ट्रिप) | २००० | |
| १५ | **माथिको वर्गिकरणमा नपरेका अन्य विविध सेवा तथा व्यवसाय** | | |
| | - कपडा जुत्ता पसल | ८०० | |
| | - छाला जुत्ता पसल उच्च | १२०० | |
| | - छाला जुत्ता पसल साधारण | ८०० | |
| | - छाला जुत्ता निर्माण तथा मर्मत केन्द्र | ८०० | |
| | - भाँडा पसल उच्च | १२०० | |
| | - भाँडा पसल मध्यम | १००० | |
| | - भाँडा पसल साधारण | ८०० | |
| | - टंकीमा राखिएका पसलहरु | ४०० | |
| | - चुरा पसल | ५०० | |
| | - काठ तथा स्टिल फर्निचर पसल | १५०० | |
| | - चस्मा पसल | ८०० | |
| | - मेशिनरी पार्ट पुर्जा पसल | २००० | |
| | - ड्राईभिङ ईन्स्टिच्युट | २००० | |
| | - पान पसल | ५०० | |
| | - कलर ल्याब | ८०० | |
| | - डिजिटल कलर ल्याब | २००० | |
| | - फ्लेक्स, प्रिन्टर सेवा | १००० | |
| | - अडियो तथा भिडियो क्यासेट सेन्टर | ८०० | |
| | - दूध डेरी | ८०० | |
| | - दूध चिस्यान केन्द्र | १५०० | |
| | - स्यानिटरी सामानको पसल | १००० | |
| | - प्लास्टिक मेच कुर्सी तथा अन्य सामाग्री | ८०० | |

| | | | |
|---|---|---|---|
| | पसल | | |
| | - ग्यास सिलिण्डर बिक्रेता | १००० | |
| | - होजियारी उद्योग | ९०० | |
| | - कोल्ड ड्रिङ्कस पसल | ८०० | |
| | - उन पसल | ७०० | |
| | - कस्मेटिक्स पसल | १२०० | |
| | - स्टेशनरी | १००० | |
| | - स्टेशनरी होलसेल | १५०० | |
| | - पत्र पत्रिका पसल | ६०० | |
| | - मिष्ठान्न पसल | १००० | |
| | - लिक्वर (मदिरा जन्य) पसल | २००० | |
| | - पाउरोटी, मसला, दालमोठ, मैन बत्ती जस्ता घरेलु उद्योग | ८०० | |
| | - कन्सल्टेन्सी एवं परामर्श सेवा | १००० | |
| | - मैन पावर कम्पनी शाखा कार्यालय | २२०० | |
| | - कृषि फलफूल तथा वन नर्सरी व्यवसाय | ५०० | |
| | - कृषि वीउ बिजन भण्डार | ६०० | |
| | - केबल प्रशारण लाईन | २५०० | |
| | - एफ. एम. रेडियो प्रशारण | २००० | |
| | - एफ. एम. रेडियो (सामुदायिक) | १५०० | |
| | - पुल हाउस/स्नुकर | ९०० | |
| | - ट्रान्सपोर्ट सेवा | ९०० | |
| | - ठेका भाडा | ६०० | |
| | - माटाका भाडा | ६०० | |
| | - मादल | ६०० | |
| | - डाला नाङला पसल | ६०० | |
| | - दाना तथा आलु, प्याज थोक बिक्रि पसल | ८०० | |
| | - सोलार पावर सप्लायर्स | १००० | |
| | - खेलौना तथा उपहार सामाग्री पसल | १००० | |
| | - चस्मा मर्मत तथा बिक्री केन्द्र | ९०० | |
| | - पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल | ७०० | |
| | - जडिबुटी पसल | ६०० | |

| | | | |
|---|---|---|---|
| | - पाँच वा सो भन्दा बढी पसल रहेको प्रा.लि. | ३५०० | |
| | - अन्य विभिन्न प्रकारका प्रा.लि. | २५०० | |
| | - चाउमिन उद्योग | ७०० | |
| | - मिनरल वाटर उद्योग | २००० | |
| | - मिनरल वाटर होलसेल पसल | १००० | |
| | - पार्टी प्यालेस | २००० | |
| | - आल्मुनियम उद्योग | १८०० | |
| | - अन्य पसल | ८०० | |

**पुनश्चः माथि उल्लिखित विभिन्न व्यवसायहरुको गाउँपालिकामा पहिलो पटक दर्ता गर्दा प्रमाण पत्र दस्तुर वापत रु २००० लाग्नेछ ।**

**पटके बजार तथा हाट बजार करः**

| क्र.स. | व्यवसाय | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | फेन्सी कपडा प्रति पसल | ३५० | |
| २ | ठेका भाडा प्रति पसल | २०० | |
| ३ | माटोको भाडा प्रति पसल | १०० | |
| ४ | मादल प्रति पसल | १५० | |
| ५ | औजार भाडा प्रति पसल | १०० | |
| ६ | सुन चाँदी प्रति पसल | ४०० | |
| ७ | चिया नास्ता प्रति पसल | १०० | |
| ८ | डाला नाङला प्रति पसल | १५० | |
| ९ | चुरा पोते प्रति पसल | १५० | |
| १० | जिरा मसला प्रति पसल | २०० | |
| ११ | जडिबुटि प्रति पसल | १५० | |
| १२ | जुत्ता प्रति पसल | ३०० | |
| १३ | अन्य पसल हेरेर | १००-२०० | |

**पटके व्यावसाय कर :**

| क्र.स. | विवरण | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | भैंसी, रांगा प्रति गोटा प्रति पटक | २० | |
| २ | खसी, बोका प्रति गोटा प्रति पटक | १० | |
| ३ | हाँस, कुखुरा प्रति गोटा प्रति पटक( चल्ला बाहेक) | ५ | |
| ४ | घुम्ती व्यवसाय (फेन्सी) | ५० | |
| ५ | घुम्ती व्यवसाय (अन्य) | ५० | |

**खानी/ ढुङ्गा ढुवानी :**

| क्र.स. | विवरण | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | ट्र्याक्टर प्रति ट्रिप ( खरी ) | २५० | |
| २ | ट्र्याक्टर प्रति ट्रिप ( ढुङ्गा ) | १०० | |
| ३ | टिप्पर प्रति ट्रिप ( खरी ) | ५०० | |
| ४ | टिप्पर प्रति ट्रिप ( ढुङ्गा ) | २०० | |

नोटः माथि उल्लेखित छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा रु ५००/- सम्म लिन सकिनेछ ।

ख) हरेक वर्ष नविकरण शुल्क दर्ता शुल्कको २० प्रतिशत हुन आउने रकम लाग्नेछ ।

ग) विलम्ब शुल्कः वक्यौता रकमको प्रतिवर्ष थप १० प्रतिशत लाग्नेछ ।

## अनुसूचि ५

**(दफा ६ सँग सम्बन्धित )**

**जडिबुटि, कबाडी र जीवजन्तु कर**

कबाडी कर प्रति पटक प्रति ट्रिप रु २००० का दरले लाग्ने ।

- जडिबुटी र जीवजन्तु कर गाउँ सभाले तोके बमोजिम हुने ।

## अनुसूचि ६

**( दफा ७ सँग सम्बन्धित )**

## सवारी साधन कर

| क.स. | सवारी साधनको किसिम | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | बस, ट्रक, लहरी अन्य हेभी गाडी | १००० | |
| २ | भाडाका कार, जीप, भ्यान र ट्र्याक्टर | ५०० | |
| ३ | भाडाका पावर टेलर | २०० | |
| ४ | भाडाका मिनि बस, मिनि ट्रक | ७०० | |
| ५ | निजी कार, मिनि बस र ट्रक | २०० | |
| ६ | स्कुटर, मोटरसाईकल, तथा अन्य सवारी | १०० | |

## अनुसूचि ७

( दफा ८ सँग सम्बन्धित )

## विज्ञापन कर

| क.स. | विवरण | प्रस्तावित करका दर | |
|---|---|---|---|
| | | निजी स्थल | सार्वजनिक स्थल |
| १ | बजार क्षेत्रको छेउछाउमा प्रति वर्ग फिट | १५ | १५ |
| २ | सहायक मार्गको छेउछाउमा | १० | १० |
| ३ | व्यावसायिक ब्यानर प्रति हप्ता | ४० | ४० |
| ४ | व्यावसायिक प्रचार प्रसार गाडीबाट माईकिङ प्रतिदिन | ८० | ८० |
| ५ | व्यावसायिक प्रचार प्रसार अन्य साधन बाट | ४० | ४० |

## अनुसूची ८

( दफा ९ सँग सम्बन्धित )

## मनोरञ्जन कर

| क्र.स. | मनोरञ्जनका साधन | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन स्थल, थिएटर, संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २ | |
| २ | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | २५० | |

व्यावसायिक भिडियो कर :

| क्र.स. | भिडियो | प्रस्तावित करका दर | | |
|---|---|---|---|---|
| १ | प्रति भिडियो | २०० | | |

## अनुसूचि ९

( दफा १० सँग सम्बन्धित )

## बहाल बिटौरी शुल्क

गाउँसभाले आवश्यक ठानेमा पारित गरे बमोजिम हुने ।

## अनुसूचि १०

( दफा ११ सँग सम्बन्धित )

## पार्किङ्ग शुल्क

| क्र.स. | विवरण | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | मोटरसाईकल | ५ | |
| २ | कार, जीप, भ्यान | २० | |

| | | | |
|---|---|---|---|
| ३ | अन्य ठूला सवारी साधन | ५० | |

अनुसूचि ११

( दफा १२ सँग सम्बन्धित )

ट्रेकिङ्ग, कोयोकिङ, क्यानोयिङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर र न्याफ्टिङ्ग शुल्क

गाउँसभाले आवश्यक ठानेमा पारित गरे बमोजिम हुने ।

अनुसूचि १२

( दफा १३ सँग सम्बन्धित )

सेवा शुल्क, दस्तुर

मूल्याङ्कन सेवा शुल्क :

| क्र.स. | मूल्याङ्कन | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | सम्पत्ती मूल्याङ्कन प्रति हजारको | रु १ | |
| २ | आयस्रोत प्रमाणित प्रति हजारको | रु १ | |

सिफारिश दस्तुर :

| क्र.स. | सिफारिशको विवरण | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | वंशजको नागरिकता सिफारिश ( निवेदन दस्तुर सहित ) | २०० | |
| २ | नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाको नागरिकता सिफारिश | ५०० | |
| ३ | नागरिकताको प्रतिलिपि सिफारिश | ३०० | |
| ४ | नागरिकताको संसोधन सिफारिश | २५० | |
| ५ | नाता प्रमाणित ( निवेदन दस्तुर सहित) | ३०० | |
| ६ | बिद्युत सिफारिश | २०० | |
| ७ | विद्युत सिफारिश (थ्री फेज) | ५०० | |
| ८ | नाम संसोधन, नाम छुट तथा दुई नाम सिफारिश | ३०० | |
| ९ | जन्म मिति प्रमाणित | ३०० | |

| | | | |
|---|---|---|---|
| १० | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिश | ५०० | |
| ११ | नाम, थर, जन्म मिति संसोधन सिफारिश | ३०० | |
| १२ | घर जग्गा नामसारी सिफारिश | ३०० | |
| १३ | सम्बन्ध विच्छेद भएको सिफारिश | ५०० | |
| १४ | फुकुवा सिफारिश | ३०० | |
| १५ | पेन्शन कार्ड वा सो सम्बन्धी अन्य सिफारिश | ३०० | |
| १६ | हकवाला संरक्षण सिफारिश | ३०० | |
| १७ | अविवाहित प्रमाणिकरण सिफारिश | ३०० | |
| १८ | नक्कल प्रमाणित दस्तुर (मालपोत समेत) | १०० | |
| १९ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | २०० | |
| २० | व्यवसाय दर्ता लगत कट्टाको सिफारिश | २०० | |
| २१ | घरनक्सा नामसारी | ३०० | |
| २२ | घर निर्माण सम्पन्न सिफारिश ( RCC) | ५०० | |
| २३ | घर निर्माण सम्पन्न सिफारिश ( कच्ची ) | २५० | |
| २४ | निजी क्षेत्रका रुख कटान सिफारिश | २०० | |
| २५ | मिलापत्र दस्तुर | ५०० | |
| २६ | नाबालक परिचय पत्र सिफारिश | ३०० | |
| २७ | घटना दर्ता जन्म मृत्यु विवाह जस्ता सिफारिश | - | |
| २८ | विभिन्न दलित, जन जाती तथा थर प्रमाणित | ३०० | |
| २९ | कर क्लियरेन्स सिफारिश (नेपाली) | ३०० | |
| ३० | पारिवारिक विवरण | ३०० | |
| ३१ | खानेपानी सम्बन्धी सिफारिश | ३०० | |
| ३२ | उद्योग सिफारिश | | |
| ३३ | - साना उद्योग | ५०० | |
| | - मझौला उद्योग | १००० | |
| | - ठूला उद्योग | १५०० | |
| | निजी विद्यालय सञ्चालन तथा कक्षा थप अनुमति सिफारिश | | |
| ३४ | - पूर्व प्रा.वि. | १००० | |
| | - कक्षा १-५ | १५०० | |
| | - कक्षा ६-८ | १८०० | |
| | - कक्षा ९-१० | २००० | |

| | | | |
|---|---|---|---|
| | - कक्षा ११-१२ | २५०० | |
| | - स्नातक तह | ३००० | |
| | वैदेशिक प्रयोजनका लागि गरिने अंग्रेजी भाषाका सबै सिफारिश | ३०० | |
| ३५ | चार किल्ला प्रमाणित | ४०० | |
| ३६ | ग्रामिण क्षेत्रको घरबाटो सिफारिश | १५० | |
| ३७ | बजार क्षेत्रको घर बाटो सिफारिश | ३०० | |
| ३८ | संस्था दर्ता सिफारिश | ३०० | |
| ३९ | भवन निर्माण प्रतिलिपि | १००० | |
| ४० | नक्सा प्रमाणित | ५०० | |
| ४१ | व्यवसाय दर्ताको सिफारिश | ३०० | |
| ४२ | मुचुल्का प्रमाणित | २०० | |
| ४३ | प्रमाणिकरण दस्तुर | १५० | |
| ४४ | यस विवरणमा नपरेका अन्य जुनसुकै सिफारिश प्रकृति हेरी | २००-३०० | |
| ४५ | परिक्षा आबेदन दस्तुर :<br>१) अधिकृतस्तर :<br>२) नासु.स्तर<br>३) खरिदार स्तर :<br>४) श्रेणी बिहिन र अन्य | <br>रु.१०००।०<br>रु.८००।०<br>रु.६००।०<br>रु.४००। | |

**पुनश्चः**

गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचय पत्र सम्बन्धी, आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्बन्धी तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिश दस्तुरमा आधा छुट दिईनेछ ।

**व्यक्तिगत घटना दर्ताः**

| क्र.स. | घटना | प्रस्तावित बिलम्ब शुल्क | |
|---|---|---|---|
| १ | जन्म दर्ता | - | |
| २ | मृत्यु दर्ता | - | |
| ३ | विवाह दर्ता | - | |
| ४ | बसाई सराई गरी आउने | - | |

| | | | |
|---|---|---|---|
| ५ | बसाई सराई गरी जाने | - | |
| ६ | प्रतिलिपि सबै घटनाको | - | |
| ७ | सम्बन्ध विच्छेदको | - | |

पुनश्च : घटना दर्ताको हकमा घटना घटेको ३५ दिन भित्र कुनै प्रकारको शुल्क लगाईने छैन ।

बिलम्ब शुल्क ब्यक्तिगत घटना दर्ता ऐन २०३३ बमोजिम हुनेछ ।

**नक्सा पास दस्तुर :**

| क्र.स. | विवरण | प्रस्तावित करका दर | |
|---|---|---|---|
| १ | आधुनिक RCC घरको | | |
| | - नक्सा पास निवेदनको | ५०० | |
| | - भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | ४ | |
| | - दोस्रो र तेस्रो तलामा प्रति वर्ग फिट | ५ | |
| | - तेस्रो तला भन्दा माथि प्रति वर्ग फिट | | |
| २ | पर्खालको प्रति वर्ग फिट | ०।३० पैसा | |
| ३ | अस्थायी छाप्रो (नक्शा अनिवार्य पेश गर्नुपर्ने) | | |
| | - ५०० वर्ग फिट सम्मको | ८०० | |
| | - ५०० वर्ग फिट भन्दा माथि प्रति वर्ग फिट | १।५० | |
| ४ | कच्ची घर ( अस्थायी निर्माण ईजाजत पत्र अनिवार्य लिनुपर्ने) | २५० | |

पक्कीस घर निर्माण र अस्थायी छाप्रो निर्माण ईजाजत दिंदा क्रमशः रु ५००० र १००० धरौटी लिईनेछ।त्यस्तो धरौटी रकम निर्माण कार्य सम्पन्नत भए पश्चात २०% ले हुन आउने रकम कट्टाव गरी फिर्ता दिईनेछ ।नक्शा पास फाराम शुल्क रु ५०० लाग्नेछ ।

## अनुसूचि १३

## ( दफा १४ सँग सम्बन्धित )

## पर्यटन शुल्क

गाउँसभाले आवश्यक ठानेमा प्रदेश कानूनसँग नबाझिने गरि पारित गरे अनुरुप हुने ।

नोटः माथि उल्लेखित बाहेक छुट हुन गएका सेवाको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा सेवा शुल्क तथा प्रमाणित दस्तुर लिन सकिनेछ ।

आज्ञाले,
अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत